# आत्मबोध



ऋषिराम न्यौपाने

# आत्मबोध

(खण्डकाव्य)

★

ऋषिराम न्यौपाने

प्रकाशक:-
शृङ्खला प्रकाशन
कला-साहित्य-सेवासदन
नयाँबानेश्वर, काठमाडौं ।

प्रथम संस्करण:-
वि. सं. २०४४
ई. सं. १९८७
प्रति : १०००

मूल्य:- ४।-

आवरण :- के कर्माचार्य

मुद्रक :-
मुना प्रेस
सातदोबाटो, ललितपुर, फो.नं. ५-२३०८३

# अरू कुरा

श्रष्टा र साहित्यका बारेमा एक थरीको मत छ– कसैको साहित्यको चर्चा गर्दा उसको चरित्रको प्रसङ्ग जोड्नु हुन्न। अर्को थरीको कथन छ– कसैको साहित्यको चर्चा गर्दा उसको साहित्य, रचनाकालका साथै उसको जीवनीको पनि अध्ययन गरिएको हुनुपर्छ। पहिलो मतलाई 'साहित्य साहित्यका लागि' भन्ने दर्शन अनुसार ठीक मान्न सकिन्छ र दोस्रो मतलाई 'साहित्य समाजको लागि– देशको लागि' भन्ने दर्शन अनुसार ठीक भन्न सकिन्छ। आजको युग सच्चाई र इमान्दारीको युग हो। आजको युग जीवन, जगत र विश्वप्रति आस्था, विश्वास र समझदारी बढाउने युग हो। यस निम्ति पहिलोले हामीलाई गैह्र जिम्मेदार बनाउन सिकाउँछ भने दोस्रोले सचेत कलमवीर बनाउन बल प्रदान गर्दछ। प्रस्तुत कृति ''आत्मबोध''का बारेमा अध्ययन गर्न थाल्दा पनि दोस्रो मत अनुसार सो कृतिका साथ त्यसका श्रष्टा कवि श्री ऋषिराम न्यौपानेको जीवनीलाई सम्झन खोज्नु उचित हुन्छ भन्ने ठान्छु। यस क्रममा म देख्छु कवि श्री न्यौपानेज्यूका जीवनका महत्वपूर्ण क्षणहरू कहिले देशका सुदूर पश्चिम, कहिले सुदूर पूर्व, कहिले पहाड, कहिले मधेश, कहिले राजधानी भएर गुज्रन थाल्छन्। जहाँ पुगे पनि र जस्तो परे पनि उहाँभित्र एउटा जीवनमुखी उज्यालो भावनाको झिल्को बलिरहेको हुन्छ र त्यसले कहिले समाजमा विसङ्गतिपछि आउने वसन्तको छनक दिइरहेको हुन्छ भने कहिले प्रतिकूल परिस्थितिमा विरहको बाढी चलाइरहेको हुन्छ। हो, यस्तै परिस्थितिलाई हृदयङ्गम गरी लेखिएको उहाँको पहिलो प्रकाशित कृतिको नाउँ पनि अवस्था अनुसार 'वसन्त-विरही' रहन गएको पाउँछौं

भने यस्तै विरहमा गुनगुनाउन थाल्दा रचिएको अर्को कृतिको नाउँ 'प्रियतम' रहेको देख्दछौं। त्यसपछिको अर्को कृति 'सपनाको सुसेली' भनेर जनसमक्ष आउँछ। यसपछिको 'अमरभावना' र 'परिणाम'ले पनि यिनै पक्षलाईबु आउँछ। यस्तै प्रकारले कवि ऋषिराम न्यौपानेज्यू जहाँ-जहाँ पुग्नुहुन्छ त्यहाँ-त्यहाँका आफ्ना अध्ययन र अनुभवलाई कविताका रूपमा लिपिबद्ध गर्न थाल्नुहुन्छ र तिनलाई मौका अनुसार प्रकाशमा ल्याउने गर्नुहुन्छ। आफू पुगेका ठाउँका भाषा-साहित्यसेवीहरूसँग सम्बन्ध सम्पर्क बढाउनुहुन्छ। उनीहरूसँग मिलेर त्यस ठाउँको भाषा-साहित्यको उत्थानमा केही गरिरहने गर्नुहुन्छ। उहाँले यस अनुसार नै बाराको कलैया र मोरङको विराटनगर बसाइलाई निकै उपयोगी तुल्याउनु भएको पाइन्छ। यस निम्ति अन्य विद्वान् भाषा-साहित्यसेवी बन्धुहरूका साथै विराटनगरमा समालोचक डा. श्री गणेश भण्डारीज्यूको सम्पर्कले ठूलो साथ दिएको पाइन्छ। उहाँकै मुखबाट सुनेको एक दिनको घटनाको खबरले कवि श्री न्यौपानेको कोमल हृदयमा एउटा नमिठो चोट पुग्छ। उहाँ त्यसबारेमा एउटा 'शोक काव्य' लेख्ने दृढता व्यक्त गर्नुहुन्छ र त्यस अनुसार नै केही दिन भित्रै त्यो काव्य तयार हुन्छ। त्यसको नाउँ 'विजयश्री' रहन्छ।

विजयश्री विराटनगरकै कुनै दम्पतिकी एउटै प्रिय पुत्री थिई। ऊ पढ्दै थिई, बढ्दै थिई। उसलाई हेरेर, उसलाई सम्झेर उसका आमा बा उसको भावी जीवनका बारेमा अनेक सुन्दर सपना देख्दै थिए। तर एक दिन अचानक उसको निधन हुन्छ। कवि श्री न्यौपानेज्यूको 'विजयश्री' भित्र यसै घटनाको मार्मिक कथा पढ्न पाइन्छ। यो काव्य प्रकाशमा आएपछि विजयश्रीका आमा बाले दिवङ्गत छोरीको सम्झनामा 'नेपाली साहित्य समिति' विराटनगरको जिम्मामा 'विजयश्री' नाउँको पुरस्कारको स्थापना गर्छन्। पहिलो पुरस्कार 'विजयश्री' काव्यका लागि कवि श्री न्यौपानेज्यूलाई नै प्रदान गरिन्छ। जसलाई परस्पर प्रेरणा आदान प्रदानको यो एउटा राम्रो दृष्टान्त हो भन्न सकिन्छ।

यसरी कवि श्री ऋषिराम न्यौपाने विराटनगरमा निकै लोकप्रिय, सम्मानित र सक्रिय हुदै आउनु भएको छ । त्यहाँको नेपाली साहित्य समितिको आजीवन सदस्य पनि रहनु भएको छ । प्रस्तुत 'आत्मबोध' पनि यहींकै बसाईमा लेखनु भएको एउटा कृति हो ।

आत्मबोधले दिन खोजेको मूल सन्देश देशप्रेम हो । यसका पात्र-पात्री विदुला र सञ्जय हुन् । विदुलालाई आमा र सञ्जयलाई छोराको रूपमा प्रस्तुत गरिएको छ । सञ्जय देशप्रेमको भावना नभएको, अलमलमा परेको र आमाले चित्त दुखाउँदै उसभित्र देशप्रेमको महत्त्व बुझाउन र त्यसको भावना जगाउन खोजिएको कुरा यसभित्र अध्ययन गर्न पाइन्छ । दृष्टान्तका रूपमा यस भित्रका केही पंक्तिहरूलाई यहाँ उध्दृत गर्नु सान्दर्भिक हुनेछ ।

परावलम्बी जब बन्छ मानव
मनुष्यश्रेणी बिच त्यो दरिद्र ।
विनाशकारी तब बन्छ, देशको–
सपुत अभ्यन्तरमा गनिन्न । (पृष्ठ २४)

सपुतमा हुनु पर्ने गुणको बारेमा यस रूपले प्रकाश पारिएको छ–

फले फुलेको लटरम्म वृक्ष झैं
सुरम्य छाया जुन दिन्छ पुत्रले
प्रसन्न आमा तब बन्दछिन् खुशी
सफा गर्‍यो काम भनेर हर्षले । (पृष्ठ २५)

सबैभन्दा ठूलो-आफ्नो राष्ट्र हो, राष्ट्रिय अखण्डता हो भन्ने कुरा यस प्रकार प्रस्तुत गरिएको छ । बाँच्नु र मर्नुको अर्थ पनि यसभित्र नै समाविष्ट भएको छ–

स्वदेशको गौरव झल्कियो भने
म ठान्छु सन्तोष तिमी बिते पनि

स्वतन्त्र अस्तित्व हराउँदै गए
हुँदैन आनन्द तिमी जिए पनि । (पृष्ठ २६)

अरू कुरा नाशिन सक्छन्, माशिन सक्छन् । तर स्वदेशका खातिर गरिने त्याग र बलिदान कहिल्यै नाशिंदैनन्, माशिदैनन् । तिनको ठूलो महत्त्व हुन्छ, आदर र सम्मान हुन्छ । यस्तै कार्यमा जीवन अर्पण गर्ने शहीदको आदर्श र इतिहासलाई यस निम्ति लिन सक्दछौं भन्ने सत्य पक्षको सन्देश पनि कविकै शब्दमा यस रूपमा प्रकट भएका छन्–

शरीर नाशिन्छ सबै मनुष्यको
पवित्र माया तर नाशिदैन नि !
शहीदको हुन्छ सदैव आदर
स्वदेशका खातिरमा– मरे पनि । (पृष्ठ ३१)

यस्तै प्रकारले आमा विदुला छोरो सञ्जयलाई सम्झाउँदै जान्छिन् । अनि सञ्जय केही बुझ्न थाल्दछ, केही सम्झन थाल्दछ र अन्तमा उसको मनभित्र देशप्रेमको भावना जागृत हुन पुग्छ र आफ्नो राष्ट्रप्रति, आफ्नो देशप्रति समर्पित हुने र त्यसलाई सुन्दर बनाई छाड्ने प्रण गर्दै भन्न थाल्छ–

भयो ममा उज्ज्वल आत्मबोध
सजाउँला उर्वर भूमिलाई
गरेर कर्तव्य पूरा धरामा
बनाउँला सुन्दर राष्ट्रलाई । (पृष्ठ ३५)

यस्तै चोखा मीठा देशप्रेमका उज्याला भावनाहरू यस भित्र ठाउँ-ठाउँमा झल्किरहेका छन् र यसकै आधारमा यसका श्रष्टा कवि ऋषिराम न्यौपानेज्यूलाई एक इमानदार सचेत देशभक्त साहित्य साधकका रूपमा हेर्न, बुझ्न र चिन्न सक्दछौं । उहाँको साहित्यले गतिशीलताको बाटो समात्दै गएको छ र देशभित्र मात्र होइन, देश बाहिरका नेपालीहरूका बीच पनि प्रशंसित र सम्मानित हुन थालेको छ । उहाँ जस्तो साहित्य लेख्नु हुन्छ

त्यस्तै सरल, मिलनसार र इमानदार व्यक्तित्वका रूपमा चीर परिचित हुनुहुन्छ । अन्तमा पछि पछि पनि यस्ता प्रयासहरूमा आपसमा सरसहयोग बढाउँदै समाजमा देशप्रेम जनकल्याणको भावना जागृत गर्दै लाने र साहित्य को विकासमा हामी सबैले जोड दिनुपर्छ भन्ने हाम्रो धारणाका साथ अरू कुरा पाठकवृन्दमा सुम्पन्छौं ।

कला-साहित्य-सेवासदन
नयाँ बानेश्वर, काठमाडौं ।
२०४४ पुस ६

—जनकप्रसाद हुमागाईं

# दुई शब्द

ममतामयी माता विदुलाले आफ्नो पुत्र सञ्जयलाई दिएको उपदेशले अभिप्रेरित भएर कलम समातेको हुँ । के कस्तो भयो, यहाँहरूकै समक्ष छ ।

यसलाई पढेर लागेको कुरा लेखिदिएकोमा शृङ्खलाका सम्पादक तथा साहित्यकार श्री जनकप्रसाद हुमागाईंज्यूलाई र प्रकाशित गरिदिएकोमा शृङ्खला प्रकाशन परिवारमा हृदयतः कृतज्ञता ज्ञापन गर्दछु ।

साधनाभूमि
विराटनगर
२०४४ पुस १५

–ऋषिराम न्यौपाने

# १

(१)

भगवन् ! भवमा पछारिएँ
विधिको खड्ग, खुँडा बजारियो
अब छैन वसन्त मस्कने
रसिलो फूल–लता लछारियो

(२)

परमेश्वर सूर्य अस्तिए
कुहिरो क्रूर निशा मडारियो
अब छैन प्रभात झल्कने
गहिरो खाडलमा खसालियो

(३)

मुटु चर्चर भै चिरा पऱ्यो
मलिनी खिन्न वसुन्धरा बनी
अब जीवन धान्नु के गरी ?
सरिता तुल्य बनेर पावनी

(४)

असिना सरि शान वर्सियो
लहरा झैं अवला लछारिएँ
किन जीवन भार झैं भयो
पिरका बादलले पखालिएँ

(५)

सिउँदो पुछियो चुरा फुटे
चुडिए आशहरू भए भर
जब हंश उड्यो अकालमा
शिरका रत्न स्वयम भए पर

(६)

अति सुन्दर देश गो थियो
पति मेरा रहँदा विभामरि
सब रश्मि - मधा सुके, गला
अब भा छैन वढी विभावरी

(७)

रसिलो हँसिलो थियो मन
दुनिया गौरव गान गाउँथे
झलमल्ल थियो निशा पनि
भुसुना, डाँसहरू डराउँथे

(८)

अहिले म डराउने भएँ
दिलमा दर्द - व्यथा मडारिदा
बल - साहस मोरिदै गए
दिलका दीप - शिखा नपाइदा

(९)

बिदुला दुखले मडारिइन्
गहमा अश्रु भरेर गातमा
सुत सञ्जय सामु देखियो
भरियो स्नेह–सुधा बिचारमा

(१०)

नव पल्लवका सुवासले
मनमा भाव लता पलाउँछन्
दिलका गहिरा व्यथा, वह
सब आशा दहमा हराउँछन्

(११)

भव सिर्जनकी पुजारिनी
पिउछिन पीर, कठोर वेदना
जननी पृथिवी समानकी
जसमा उज्ज्वल खुल्छ भावना

(१२)

कलिलो कुसुमी परागको
दिलमा पर्छ प्रभाव शीतल
ममता छहरा सफा बनी
रसिलो राख्छ अहो ! महीतल

(१३)

दिन बित्दछ आशामा झुली
तर नैराश्य – लता पलाउछ
असिना जब पर्छ फूलमा
रस - माधुर्य - कला बसाउछ

(१४)

सुकिलो मुकिलो धराभरि
तम कालो कुहिरो मडारियो
रुख–हीन लता लडेसरि
कलिलो सञ्जय झन् लछारियो

(१५)

खनिए रिपु लाख लाखन
कलिलो कुडमल लत्रदै गयो
सकियो मति त्रासले सबै
धसियो देश, पराङ्मुखी भयो

(१६)

विदुला डरले पछारिइन्
जब आशा लहरा लछारिए
अमरालय तुल्य धाममा
जब अन्याय - ध्वजा अकासिए

(१७)

विदुला दहमा डुबेसरि
मलिनी धेनु बनिन् निराश भै
कसरी रसिली बनून् बरा !
कविता भाव बिहीन काव्य झैं

(१८)

बल, बुद्धि, विवेक शून्यकै
किन यो सञ्जय हाय! जन्मियो
कसरी किन सिंह - बालक
मृगको शावक तुल्य देखियो

(१९)

अधमाधम यो भयो किन ?
अति मान्ने डर - त्रास पामर
तर बाबु थिए अपारका
बलिया, वीर गंभीर सागर

(२०)

जुन सञ्जय स्वर्ण ठान्दथें
तर हा ! पित्तल तुल्य भैदियो
विष - हीन मलिन सर्प झैं
लुखुरे श्याल बनेर अल्पियो

(२१)

रमणी कुल - शील - शालिनी
विदुलाको दिल लत्रियो तल
तर धैर्य - लता समाउँदै
रसिली स्निग्ध सुधा बनिन् जल

(२२)

मन हर्दम हर्हराउँछ
जसका अग्नि रहन्छ गर्भमा
जति चड्कन चड्किए पनि
मति रत्तिन्छ सधैं सुकर्ममा

(२३)

अनि सुस्थिर भैं भयो मन
जब वेला रसिला मलाम भो
तब निर्मल भाव फर्किए
दिल कर्तव्य - विहारमा गयो

(२४)

वल, वृद्धि, विवेक फकंला
कसरी काँतरको, सफा बनी
मुख लाल गरी रिसाउँदै
मन खोलिछन जननी नदा बनी

(२५)

किन काँतर झैं डराउँछस ?
पिंजडाको शुक झैं पराङ्मुखी
जमरामरि पिलिसए पछि
जननी यो कसरी हुने सुखी ?

(२६)

धन - लोलुप स्वार्थ - तत्पर
मन अङ्गार गराउने भए
सुन मानवका कलाहरू
सुन ससार डढाउने भए

(२७)

डरपोक बनेर पिल्सदा
मुखिया ती विपरीत देखिए
सुन, रत्न चुनेर सिन्दुको
सुन कामी, कमिना लिने भए

(२८)

वरू वञ्जर भूमि झैं भए
पति कँ मार्ग गमेर धाउथें
अथवा रिपु साथ जुध्न म
वल, सामर्थ्य, प्रभाव लाउथें

(२९)

कति कातर भै रुदै छ यो
कुलकै नाक कटाउलासरि
पछि झन तल झन् परिन्छ है
गहिरो खाडलमा खसेसरि

(३०)

जुन उन्नति - शाल, वीर छ
त्यसका हुन्छ विकास देशको
कुहिरो पनि उड्छ आखिर
जब झल्किन्छ प्रभाव भानुको

(३१)

वरु लड्छु स्वयम् घुडा धसी
तम मिल्काउन मध्य रातमा
जब पर्दछ रात, बढ्दछन्
तम मिल्काउन पूर्ण चन्द्रमा

(३२)

यश - पल्लव पूर्ण लत्रियो
रवि जाँदा, व्रतभागिनी बनें
अझ चन्द्रविना चकोरकै
गतिकी कान्ति विहीनको बनें

(३३)

वरु सन्तति हीन हाँस्तछन्
मन बाँधेर 'भएन' सम्झिई
म भए पनि झन् रुने भएँ
पिरले रन्थनिएर पिलिसई

(३४)

'वन उन्नत' भन्छ शैल यो
स्मित मुस्कान भरेर ओठमा
मन भन्दछ "रातमा पनि
रवि झुल्किन्छ सफा प्रभातमा"

(३५)

मलिनो डरले छदैं थियो
मुटुमा शूल, सियो बिझेसरि
अरु म्लान र थर्थरी भयो
मुटु बिझ्ने कटु शव्दले चिरी

(३६)

जड चेतन हीन देखियो
तल त्यो ठान्दछ झन ढलेसरि
बल, साहस सोरियो सबै
मुखमा थूक भयो सुकेसरि

(३७)

अव – चेतनमा भए पनि
तर चैतन्य हराउँदै गयो
डरले मुख लाउँदा तल
कुहिरे - काग समानकै भयो

(३८)

रिसले तर त्यो मडारियो
झरिलो वर्ण विवर्ण देखियो
'मति हीन रिसालु बन्दछन्'
कहिने उक्ति यथार्थ पाइयो

(३९)

द्विविधा दिलमा पऱ्यो निकै
बसुँ वा बाहिर जाऊँ झैं भयो
तर ओठ चले कठोर भै
दिलको शब्द - प्रवाह दौडियो

(४०)

"कसरी निठुरी भयो मन ?
'जननी, दिव्य-सुधा' बताउथे
कसरी रिसका कणा मिले
पदमा माथ सधैं लगाउथें"

(४१)

अब औसर ठिक्क देखियो
विदुलाको दिल खोलियो अझै
मन - शान्त - सुधा भए पनि
रिस चर्को, गहिरो भयो अझै ।

# २

( १ )
खुलेर खोलासरि लम्किए पछि
डराउँछन पत्थर धारिला पनि
स्वयम सुके घाँस समान घामको
पलाउदैनन् मनका सुना पनि

( २ )
भुलेर कर्तव्य रहन्छ जो जन
धम्मिन्छ घेरै र पछाड़ि पर्दछ
सडेर वैलाउँछ, मूर्ख कातर
परालझाई जुन सर्प मान्दछ

( ३ )
जुठ्यान झैं सड्दछ तुच्छ मानिस
बिताउने जीवन व्यर्थ स्वार्थमा
परिश्रमी गर्छ सदैव उद्यम
स्वदेशका गौरवमा, परार्थमा

( ४ )

भुसुक्क भुल्ने, गरिमा डराउदै
अकालमै पर्दछ काल-पाशमा
लुकेर मूषोसरि, चाउरा परोस्
परन्तु त्यो मर्दछ अन्त्यकालमा

( ५ )

मनुष्यताको महिमा नसम्झने
मनुष्यको मानवता हराउछ
नसम्झने सिर्जनका कलाहरू
समाजलाई धमिलो गराउँछ

( ६ )

भरिन्न थोरै जलले नदी हरे
कुला भरिन्छन जलस्वल्प वर्षिए
नदी मिले बिस्तृत बन्छ सागर
सुसाउदै मार्ग लिएर लम्किए

( ७ )

भुसे, लुते कुक्कुर झैं लुत्रो बनी
विपक्षको अन्न हसुर्छ जो जन
भविष्यमा तुच्छ गनिन्छ त्यो अझै
मुछिन्छ स्वार्थी बिषमा सधैं मन

( ८ )

झिकौं कि झैं दाँत उठेर सर्पको
रनक्क रन्केर रिसाउने भए
जुँघा उखेलौं कि त बाघकै गई
भनेर चम्के कति गम्कने थिएँ

( ९ )

मलीन वर्षासरि म्लान भै रूँदा
अघोरको लाग्दछ पीर, रन्थनी
अरोक वर्षासरि वर्षने भएँ
रमाउथेँ 'पुत्रवती बनेँ' भनि

(१०)

कुडिन्नथ्यो नाक परन्तु संजय
स्वदेशका खातिरमा मरे पनि
अभागिनी ओज विना रूने भएँ
समीप यो सम्मुखमा रहे पनि

(११)

सहर्ष सम्मान म गर्छु वीरको
विपक्ष, वैरी-दलकै नहोस किन
स्वपक्षको कातर देखियो भने
म पुत्रलाई पनि मान गर्दिन

(१२)

मुहार त्यो धुसर हेर्न सक्दिन
सडे-गलेको लहरा समानको
म चुम्न चाहन्छु विशाल श्रृङ्खला
मुसुक्क हाँस्ने सुकिलो प्रभातको

(१३)

प्रभातमा भाष्कर झलमलाउदा
हराउछे घोर निशा डराउदै
बतासले दीप - शिखा निभेपनि
रहन्छ अस्तित्व नयाँ जगाउदै

(१४)

कहाँ हरायो ममता, मिठास
जो हुन्छ अभ्यन्तरमा मुमाको
अदृश्य यै पुत्र बने, बिलाए
के काख होला हरियो धराको?

(१५)

अरण्यकै रोदन हुन्छ होला
नानी निदाए रण-सिन्धुमा यो
संसार निस्सार, निरर्थ होला
आमा! रिसाएँ, ममता विना त्यो

(१६)

माया छ जो जीवनको मलाई
सङ्ग्राम गर्न, गति योग्य छैन
आमा! रिसाए दिल पग्लिइन्छ
आनन्द, आराम हुदै हुँदैन

(१७)

संघर्ष – कोलाहल सम्झदैमा
लागी कहाली दिल हल्लिइन्छ
हल्लाईने लगलग अङ्ग काँप्दा
झर्ना बनी लोचन बर्सिइन्छ

(१८)

पाउँ मजा जीवन साँच्नलाई
पीयूष झैं स्नेह मिलोस मुमाको
आधार पाउँ दिल-दार आमा
छायाँ म पाउँ ममता - मुनाको

(१९)

अमोध माया, ममता छ सञ्जय
म बन्न चाहन्छु मुमा मपूतकी
विचार रेखी रिस भित्र रोखए
म नागिनी बन्छु सुधा धराकी

(२०)

सुकी सुकी म्लान बनेर बालए
लतक्क लत्री तृण तुल्य तापको
हुदैन शोभा, झारलो विकास
प्रभावले शून्य तँ झैं कपूतको

(२१)

हराउदै छन यशका पताका
रहन्छ के गौरव मान देशको ?
परोक्षमा दास समान भै सक्यौं
स्वतन्त्र अस्तित्व रह्यो स्वदेसको

(२२)

खलाति झैं सास फुकी रहे पनि
अजम्मरी मानिस बन्न सक्छ र ?
अशेष कीर्ति लहरा सुके भने
आकाशमा देश-सुगन्ध पुग्छ र?

(२३)

अजम्मरी मानव बन्नलाई त
सुकर्म रेखाहरू खिच्नु पर्दछ
सुकर्मका लेपहरू स्वदेशमा
स्वतन्त्रता पूर्वक लिप्नु पर्दछ

(२४)

अशेष-कीर्ति लहरा सुके भने
सुकेर बैलाईछ देश आखिर
बनेर निर्भीक सधार गर्न यो
सिकाउदै ज्ञान छ, देशखातिर

(२५)

लुकेर यी काल बिताउँदै गए
हुनेछ भन् मूल्य विहीन जीवन
डराउने पुत्र भएर के भयो ?
बढाउने पीर, जलाउने मन

(२६)

मनुष्य जो उज्ज्वल कर्म गर्दछ
पछाडि त्यो बन्दछ स्तुत्य देवता
डराउने पामर पुत्र श्याल कै–
समान होला सिङ तुल्य बेपत्ता

(२७)

बनेर आगोसरि हुर्हुराउने
निभोस् न के, निल्दछ घोर कण्टक
पलाउछन् पल्लव मञ्जरी नयाँ
स्वदेश मौलाउछ भै अकण्टक

(२८)

विख्यात बन्दै पर भै गए पनि
विषाद–रेखा दिलका दबाउला
परार्थमा जीवन अर्पिए पछि
सपूत– माता म बनी रमाउँला

(२९)

"सम्झें, बुझें भावहरू यथार्थ
बढाउने साहस जो मलाई
परन्तु हाँस्छन् रिपु खित्खिताई
गरीब देखेर मुभा मलाई

(३०)

बिझे अझै शब्द कडा मुमाका
बिषालु तीखा शर झैं गडेर
रहन्न यो सास छु आश हीन
सबं मिले शत्रु तिरै गएर

(३१)

म के गरूँ साधन, अर्थ हीन
दिदैन कोही बल हे! मलाई
छु शत्रुले केवल घेरिएको
र बस्न लागें यसरी डराई

(३२)

उपाय केही जन-सम्पदा भए
लड्ने थिए बीर-प्रभाव गर्भले
शस्त्रास्त्रले शून्य छु दास तुल्यको
म लत्रुँला केवल त्यो घमण्डले

(३३)

अडेरधेरै दिन काम के छ र?
बनेर यो केवल भार भूमिको
घना निशामा बसुँला रूदै म
लिएर के आश रहुँ कपूतको?

(३४)

धरा र आफ्नै पनि देश निम्तिमा
विकासमा अल्मलिंदै रहे पछि
रहन्छ के आखिर सासमा पनि
निराश्रयी भै रुनु यो परे पछि

(३५)

भुलेर आफ्नो पन, राष्ट्र-भावना
बनी विधर्मी धमिलो लिने मन
भयो र के सञ्जयले, पराल झैं
सडाउने आखिरमा छ जीवन

(३६)

रहेछ यो केवल हाड– मासुको
पहाड वा पत्थर पूर्ण भूमि झैं
न आउने काम परार्थमा कुनै
किटाणु हो, घातक मुर्ख देशको

(३७)

खपेर, खेप्ने यसरी अनादर
भएर सन्तान हरे ! मनुष्यका
न जन्मियुन मान गुमाउने छत्रि
चलाउने जीवन छैन जीविका

(३८)

बनेर अल्छी जुन हाई गर्दछ
छरेर दुर्गन्ध रछ्यान झैं बनी
हुदैन त्यो पुत्र भएर हर्ष क्यै
रुनै परे आखिर भै अभागिनी

(३९)

परावलम्बी जब बन्छ मानव
मनुष्यश्रेणी बिच त्यो दरिन्न
विनाशकारी तब बन्छ देशको
सपूत अभ्यन्तरमा गनिन्न

(४०)

पराक्रमी मानव पुग्छ शैलमा
विकासका उन्नत टाकुरा तिर
प्रसन्न हुन्छन जननी, जनार्दन
शहीदको नाम लिंदा निरन्तर

(४१)

न भन्नु पर्ने यसरी मलाई
रिसाउँदै ज्यामीर झैं निचोरी
दया बिना दानव बन्छ प्राणी
पाउँ दया जो मुटुमा छ भारी

(४२)

म एक्लिएँ केवल एक्लदै छु
भण्डार भर्ने, मुखिया भए ती
म फर्कने बाध्य भएँ डराई
मलाई धावा रिपुले दिंदा थी

(४३)

मथी मथी अमृत जो निकाल्छु
थपक्क त्यो दैत्यहरू हसुर्छन्
मुना, मुना जो हरिया उमार्छु
समस्त सोरेर तिनै भकुर्छन्

## ३

( १ )

भकुर्दछन् यो भयले डराउँदा
हसुर्दछन् घाँस र पात संझिई
तसर्थ भन्दै छु रिसाउदै कुरा
खुलाउदै कण्ठ छु यो मडारिई

( २ )

लिएर जूठो जब चाट्छ सन्तति
हुडेलिदै यो मुटु खस्छ कोक्किदै
परिन्छ सम्झन्छु कडा गुफातिर
अझै बसे काँतर भैं निसास्सिदै

( ३ )

फले फुलेको लटरम्म वृक्ष झैं
सुरम्य छायाँ जुन दिन्छ पुत्रले
प्रसन्न आमा तब बन्दछीन खुशी
सफा गऱ्यो काम भनेर हर्षले

( ४ )

स्वदेशको गौरव झल्कियो भने
म मान्छु सन्तोष तिमी वितेपनि
स्वतन्त्र अस्तित्व हराउँदै गए
हुँदैन आनन्द तिमी जिए पनि

( ५ )

प्रयत्नले, जाँगरले गरे श्रम
प्रभा,कलाका छहरा रसाउँछन
स्वयम् डराएर रहें मरेसरि
समस्त आभा, प्रतिभा हराउछन

( ६ )

रमे रमाए रवि झैं प्रभातको
हराउछन घोर निशा निशाचर
सशक्त बन्दै, सब हुस्सु-बादल
हटाउछन रश्मि छरी दिवाकर

(७)

म खोज्छ तिम्रो अनुहार सूर्यको
स्वतन्त्र अस्तित्व लिएर लम्कने
शरीर पार्ने रसिलो समीर झैं
बगेर आफैं धरणी रसाउने

(८)

कडा, कडा रोग र व्याधि फैलिए
हुँदैन दीर्घायु कुनै मनुष्यको
कडा, कडा घात प्रहार बर्सिए
हुँदैन दीर्घायु कदापि देशको

(९)

सपूत आनन्द सदा दिलाउछन्
शहीदका भाव-लता समाउँदै
रमाउछन् शैल-सुता नदी बनी
स्वयम् रसाई धरणी सजाउदै

(१०)

बसेर के काँतर फ्याउरोसरि
समीपमा केवल लखेटाउने ?
समीप देखे पनि श्यालका दल
हनास्सिई बालक झैं डराउने

(११)

विपक्ष आए खहरे समानका
समस्त रून्छन् जनता डराउदै
अझै कडा शोषण गर्न तत्पर
जुरुक्क उठ्छन् रिपु रग्मगाउदै

(१२)

अगाडि जो अन्न र वस्त्र बाड्दथे
सुवर्ण, मोतीहरूका विभूषण
म भोखमङ्गा सरिको त्यहाँ भएँ
बनेर बाचूँ कसरी म दूषण

(१३)

खपी रहे यो अपमान दुष्कर
बजे, खुचेको यश के तुहिन्न र ?
कहाँ हरायो सुकुमार भावना
जहाँ थियो शैल-कला मनोहर

(१४)

प्रयत्नलाई पुरुषार्थ भन्दछन्
पढे गुनेका जन उच्च कोटिका
अधीर, स्वार्थी, शठ, कामलम्पट
समस्त हुन् कातर निम्न कोटिका

(१५)

बहन्छु आफैं रण-भूमिमा अब
शहीद भैं रक्त बगाउने बनी
म स्वर्ग झैं मान्दछु देशलाई यो
रसाउने मै सरिता-सुधा बनी

# ४

(१)

म गर्छु श्रद्धा निहुरी निरन्तर
परन्तु आमा ! किन रन्कने हरे !
न पग्लिएको दिल हे अझै किन ?
कठोर पारी लिनु भो फलाम के !!

(२)

रनक्क रन्केर मुमा रिसाउदा
सहायताहीन म बन्छु निर्वल
नपाउने स्नेह-सुधा भएपछि
शरीर गल्नेछ भएर यो जल

(३)

म युद्धमा दूर रहे हराई
विछट्ट पर्ला पछुतो पछाडि
नफर्किएको मन हाय ! कस्तो
बसन्तको पल्लव झैं पलाई

(४)

बनाइयो लोचन रोषको कि !
जलाउने अङ्ग बनेर लाल
छ पोरले मर्न तयार पुत्र
सुधामयी भावहरू झरेको

(५)

विशुद्ध माया ममता सुधा दिदै
प्रवृत्त बन्दैछ सुकर्म-मार्गमा
दया विनाको जननी भए किन ?
लिने थिएँ स्नेह भरेर काखमा

(६)

विकास, उत्थान गरौं स्वदेशको
गुनेर कर्तव्य बनेर मानव
परन्तु सम्झन्न कुरा पवित्र यो
रिसाउने, निष्ठुर सम्झदै अझै

(७)

जपेर मात्रै 'दिन छन् अभागका'
रुँदै रुँदै केवल हुन्न उन्नति
लिएर माया ममता निरन्तर
फिराउने कोशिशमा छ त्यो मति

(८)

नचाहिने रोष्दिन प्रेमका मुना
कुमार्गगामी म बनी कुनै दिन
म बाँचु के आश लिइ, अभागिनी
बनेर छोरा ? कुन काम के लिन

(९)

सुकर्मका खातिरमा छचल्किएँ
सुमाउदै स्नेहमया नदी सरि
प्रयाश जो रम्य सुकर्म गर्दछ
सुबुद्धि त्यो पाउँछ ओखती सरि

(१०)

शरीर नाशिन्छ सबै मनुष्यको
पवित्र माया तर नाशिदैन नि
शहीदको हुन्छ सदैव आदर
स्वदेशका खातिरमा मरे पनि

(११)

विलाउने यो लहरा उठाउन
चलाउदै पूर्ण छु स्नेह-छालले
हटाउने बादल - वैरका दल
गुनेन त्यो मर्म हरे ! अजानले

(१२)

म हेर्न पाऊँ बल सल्वलाउदो
बगाउने हर्दम हात्ति झैँ मद
म चुम्न पाऊँ मुख भर्भराउदो
जलाउने निर्भय शत्रु कानन

(१३)

डटेर जो हिड्दछ कर्म–भूमिमा
टलक्क टल्केर बनेर भास्कर
उपाधि त्यो पाउछ उच्च उज्ज्वल
स्वनाम त्यो धन्य बनेर आखिर

(१४)

भगाउने वादल चन्द्रमा बनी
म पाऊँ आलिङ्गन गर्न पुत्रको
छु वीर मातासरि बन्न तत्पर
उडाउने होश समस्त शत्रुको

(१५)

पुऱ्याउने पुत्रहरू मनोरथ
मनुष्यका सागरमा रमाउछन्
कठ्याग्रिएका मल-हीन आँकुरा
पवित्र पानी-मलले पलाउछन्

(१६)

लिई नदीका जल जो कुलाहरू
पवित्र बन्छन्, सरिता समानका
गएर ती सागरमा रमाउछन्
अभूत आनन्द लिई अपारका

(१७)

बलेर आगोसरि भर्भराउने
प्रभा निकाल्छन् सब अग्निका कण
मिलाउदै मानव भावना बढे
विनम्र बन्छन् दनु भाव तत्क्षण

(१८)

हटाउने बादल, भानु झैं भए
रमाउने कत्ति थिएँ म पद्म झैं
नलत्रने धीर बनेर उत्रिए
रमाउथेँ सञ्जय ! जीतमा झैं

(१६)

नदेखिए नायक उच्च कोटिको
दुखीहरू आड विना डराउँछन
स्वदेशलाई पनि बिर्सनेहरू
बनेर मस्ती दुनिया-दलाउछन्

(२०)

पछाडी सर्छन् दुनिया डराउने
अगाडीको मार्ग गमेर दुस्तर
सुशान्तीको दीप कहाँ उदाउने
विना भरोसा-र-वि चन्द्र सुन्दर

(२१)

हटाउदैं वादल वायुले सरि
मडारिएर उज्ज्वल घाम लाग्दछ
विनष्ट बन्छन् खहरे मडारिने
सुशीलता- सौरभ पूर्ण बग्दछ

(२२)

मिलाउदै साम र दान भेदले
बढाउदै पक्ष छरेर भावना
पछाडि गर्दा जय शंखनादको
विपक्ष बन्छन भय-भीत अन्त्यमा

(२३)

स्वयम् उठे सिंह बनेर गर्जदै
विपक्ष ती श्याल समान भाग्दछन
कठोर पञ्जा जब मार्छ बाजले
चरा, परेवा सब दूर भाग्दछन

(२४)

सुसाउदै सर्प समान रन्किए
लुकाउछन आनन स्यागुतासरि
हुँदैन न्यानो डरले मडारिए
जलाउनु पर्दछ जोशका झरी

(२५)

समीप पर्दा पनि शत्रुका दल
पराल मानेर चुडाल्नु पर्दछ
लिएर शङ्का, घर भित्र पल्टीए
धसिन्छ धेरै तल खस्नु पर्दछ

(२६)

रमाइलो राष्ट्र विलाउदै गए
परिन्छ पासो विचमा विदेशको
स्वतन्त्र अस्तित्व वचाउने भए
समाउनु पर्छ कला स्वदेशको

(२७)

दया विनाकी जननी कहाँ छु र ?
छु सिर्जनाकी लहरा नुहेसरी
म फलनलाई लटरम्म खोज्दछु
पलाउदै स्निग्ध लता झुले सरी

# ५

(१)

समस्त ती भाव बुझें मुमाका
अघोर रेखा डरका हराए
म गोल बन्ने अब तुच्छ छैन
प्रभा म बन्नेछु प्रभा पलाए

(२)

डराउदै भूल गरें अगाडि
क्षमा म पाऊँ शिर यो नुवाएँ
खुला भए लोचन प्रेरणाले
मुमा ! सफा शिक्षणले नुहाएँ

(३)

भयो ममा, उज्ज्वल आत्म-बोध
सजाउँला उर्वर भूमिलाई
गरेर कर्तव्य पुरा धरामा
बनाउँला सुन्दर राष्ट्रलाई

(४)

डढाउँला कण्टक मार्गका यी
बनेर आगोसरि हर्हराई
हटाउँला बादल देखिएका
रसाउँला सुन्दर राष्ट्रलाई

(५)

अजम्मरी कर्म गरी रहन्छु
मुना मुनामा जल छर्कंदै म
जगाउदै भाव-शिखा समाई
उचाल्छु धर्ती बल अर्पदै म

(६)

म जुर्मुराएँ शुभ भावनाले
समाउदै अन्तर-तारलाई
गुमाउने छैन, सुवर्ण काल
बनाउने यो इतिहासलाई

(७)

छ उर्लिएको जल प्रेरणाको
विवेक–भाला–तरवार हातमा
बढारूँला घाँस र पातलाई
पलाउने केवल तुच्छ स्वार्थमा

(८)

गुनेर गाई दहमा डुबेकी
बताछु गोपाल बनी धरा म
स्वराष्ट्र-भाषा, रङ्ग, भेषलाई
चुनी चुनी प्रोज्ज्वल पारुँला म

(९)

म प्रेरणा-पल्लवले सुसाए
न छल्किने सागर झैं बहन्छु
सुशान्तिका दीप-सिखा जलाई
स्वधर्म कुड्मल झैं रहन्छु

(१०)

बुझेर भाषा-महिमा बढाएँ
पिएर शिक्षा मह तुल्य स्वच्छ
म सल्बलाएँ जल झैं पलाएँ
वसन्तको फूल बनेर स्वच्छ

(११)

स्वतन्त्र आफ्नो गति यो बढाई
शरीरमा रक्त सफा उमाल्छु
मुना - मुना पल्लवमा म आमा !
सुगन्धका भावहरू उमाल्छु

(१२)

कठ्याङ्ग्रएका लहरा उठाई
फुलाउँला सुन्दर भावनाले
समस्त सम्पत् - अधिकारलाई
फिराउला कञ्चन कामनाले

(१३)

सुवर्ण मौका इतिहासलाई
निरर्थ रोएर त्यसै गुमाएँ
छछल्किएको पछुतो छ धेरै
म लिन्न केही डर ती, उदाएँ

(१४)

फुलाऊँला उज्ज्वल देशलाई
सिंचेर आफ्नै पसिना समस्त
बनेर माटो सरिको रहेको
सुवर्ण बन्नेछु र कर्मनिष्ठ

(१५)

म खान्छु आफ्नै श्रमको कमाई
घिनाउने छैन जुठो पिएर
मनुष्य भैं मानवता फिजाई
छ चम्किने यो अब लम्किएर

(१६)

बनाउला मित्र सुधा बगाई
विकासको सागर शैलमा छ
छ भाव अभ्यन्तरमा बसेको
जगाउने जाँगर हातमा छ ।

(१७)

म भार बन्ने अब छैन त्यस्तो
थिएँ कुनै काल स्वयम डराई
जलाउदै ज्योति छ निभेको
जगाउला जिवन ज्योतिलाई

(१८)

म मातृ – भूको अब माथलाई
उठाउँला उज्ज्वल पुत्र बन्दै
जुरुक्क उफ्रन्छु लिएर होश
लिएर आफ्नै बल सिंह बन्दै

(१९)

म सिर्जना गर्दछु तिर्सनाले
समाउँदै अन्तर - तारलाई
नरत्वका रङ्ग नविर्सनाले
उठे मुमा ! भावहरू पलाई

(२०)

सुगन्ध छर्कन्छु बनेर आफै
सुगन्ध आफ्नै दिलको झिकेर
म खोज्न जाने अब छैन अन्त
स्वकर्म-आफ्नै महिमा भुलेर

(२१)

झङ्कार निस्के अब - तार भित्र
बन्नेछ विद्युत-मणि उज्यालो
मैलो पखालर भएँ पवित्र
सम्झन्न केही गहिरो उकालो

❀



ऋषिराम न्यौपाने

**पिताः** टीकाराम न्यौपाने
**माताः** रुद्र भागा देवी न्यौपाने
**जन्मस्थान:** चापागाउँ वा. नं. ८, ललितपुर
**जन्ममितिः** वि. सं. १९९५
**शिक्षा:** स्नातक
**पेशा :** नोकरी
**अभिरुचि:** अध्ययन र लेखन

## प्रकाशित कृति

१. वसन्त र विरही (खण्डकाव्य) २०३४
२. प्रियतम ( " " ) २०३६
३. सपनाको सुसेली (कविता संग्रह) २०४०
४. अमर भावना (खण्डकाव्य) २०४१
५. परिणाम ( " " ) २०४२
६. विजयश्री (शोककाव्य) २०४३
७. आत्मबोध (खण्डकाव्य) २०४४